## निर्णयहरु

### निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४८ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैठकका निर्णय मध्ये मन्थली प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैय्याको मन्थली अस्पताल सञ्चालन गर्ने, विपद केन्द्रित हेलिप्याड निर्माण र होल्डिङ्ग सेन्टर निर्माणको प्रक्रिया थालनी भैसकेकाले निर्णय कार्यान्वयनमा सहयोग पुर्याउने सम्बध्द सबै पक्षलाई धन्यवाद दिने ।

### निर्णय नं. २

मन्थली नगरपालिकाबाट आ.व. २०७७/७८ मा सम्पादित कार्यको समीक्षा बैठक यही मिति २०७८ भदौ १६ र १७ गते नगरपालिकाको सभा हलमा सम्पन्न गर्ने ।

### निर्णय नं. ३

लोकसेवा आयोगबाट सिफारिस भई मन्थली नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्यौंकनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भई आएको कार्य सम्पादन मुल्यौंकन फाराम स्वीकृत गर्ने ।

### निर्णय नं. ४

साविकको मन्थली गाँउ विकास समितिबाट मिति २०६२ पुस ९ गते अस्थायी नियुक्त भई अविच्छिन्न रुपमा गाँउ विकास समिति हुदै मन्थली नगरपालिकामा सेवा प्रदान गरी हाल सेवाबाट अलग हुनु भएका सहायक चौथो पदमा कार्यरत तेज वहादुर खड्का सेवा अवधिबाट अलग हुनु भएकाले प्रोत्साहन स्वरुप कार्यपालिकाको ४० औं

बैठकको निर्णय बमोजिम अन्य कर्मचारीलाई उपलब्ध गराएको सरह प्रोत्साहन रकम उपलब्ध गराउने ।

**निर्णय नं. ५**

मन्थली माध्यामिक विध्यालयमा विज्ञान कक्षा अध्ययन छात्रवृत्तीका लागि प्रत्येक वडाबाट एकजना उच्चतम जिपिए ल्याउने छात्रछात्रा सिफारिस गर्ने ।

**निर्णय नं. ६**

दैवी प्रकोप तथा बाढी पहिरोका कारण घरबार विहिन भएका पशु चौपाया मरी क्षती पुगेका देहायमा उल्लेखित नगरवासीको लागि राहत उपलब्ध गराउन जिल्ला दैवी प्रकोप उद्धार समितिमा सिफारिस गरी पठाउने ।

| क्र.सं. | मिति | विवरण | पीडित पक्षको नाम ठेगाना | क्षतीको विवरण |
|---|---|---|---|---|
| १ | २०७८/३/२४ | ग्याँस लिक भई भएको आगलागीमा परी मृत्यु | गाईने सार्की मनपा ८ | मृत्यु |
| २ | २०७८/४/४ | वर्षाबाट आएको पहिरोबाट गोठमा भत्किएको | गोपाल घर्ती मनपा १३ | भैसी १, बाख्रा ८, वंगुर १ मरी र गोरु २ भैसीको पाडा १, बाख्रा १ घाईते भएका |
| ३ | २०७८/४/४ | बस्ने घर पूर्ण रुपमा क्षती भएको | परमेश्वर भुजेल मनपा १३ | घर |
| ४ | २०७८/४/४ | घर पूर्ण रुपमा क्षती | हर्क माझी मनपा १ बसपार्क | तीन तले आर सि सि घर पूर्ण क्षती |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०७८/४/४ | गोठ र चौपायामा क्षती | नारायण घिमिरे<br>मनपा १ मच्छे डाँडी | गोठ लडेको, लैनो भैसी १ बाखा २ लगायतका चौपाया मरेका अन्य केही घाइते भएका |
| ६ | २०७८ असार | गोठ र चौपायामा क्षती | एक वहादुर मगर मनपा २ | गोरु, गाई र बाखा मरेका |

निर्णय नं. ७

वागमती प्रदेश सरकार, सार्वजनिक निर्माण कार्यान्वयन इकाई भैसेपाटी, काभ्रेको सहयोगमा निर्माण शुरु भएको अल्पकालीन सेवा केन्द्र (सेफ हाउस) निर्माण कार्य सम्पन्न भएकाले सो संरचनाको स्वामित्व हस्तान्तरणका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।